# सार्वजनिक सुनुवाई प्रतिवेदन
# २०८०

## पहिलो चौमासिक

(कार्यक्रम मिति : २०८०-११-२२ गते)




# शंखरापुर नगरपालिका, साँखु, काठमाडौं

# शंखरापुर नगरपालिकाको सार्वजनिक सुनवाई कार्यक्रम प्रतिवेदन-२०८०

## पहिलो चौमासिक

### १. पृष्ठभुमि :

राज्यको शासकीय प्रणालीमा विकेन्द्रीकरणको अवधारणा अनुसार विकासका कामहरुलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ। तिनै ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् ।

राज्य मातहत रहेका कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जनगुनासोहरु प्रत्यक्ष रुपमा लिएर सम्बन्धित संघ संस्था तथा कार्यालयका प्रतिनिधिहरुले तत्काल जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनताप्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहेको छ ।

शंखरापुर नगरपालिका नगर कार्यपालिका साँखु, काठमाडौंले कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौत्तिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न शंखरापुर नगरपालिकाको सार्वजनिक सुनवाई कार्यविधि, २०७९ अनुसार वर्षको कम्तिमा ३ पटक सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ ।

तीनै व्यवस्थाहरु मध्ये पहिलो चौमासिक अवधिमा नगरपालिकाले सञ्चालन गरेका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भएको छ। यस सार्वजनिक सुनवाई कार्यक्रमको सहजिकरण तथा सहकार्य, मोक्ष मिडिया प्रा.ली.लाई जिम्मेवारी दिएको सन्दर्भमा सो संस्थाको प्राविधिक सहयोगमा सञ्चालन भएको सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ ।

## २. सार्वजनिक सुनुवाईको औचित्य

शंखरापुर नगरपालिकाको सार्वजनिक सुनवाई कार्यविधि, २०७९ मा व्यवस्था भए अनुसार नगरपालिकाको नगरसभावाट विनियोजित बजेट तथा कार्यक्रमहरुवाट सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक सुनुवाई गर्नु पर्ने कुरा उल्लेख छ ।

शंखरापुर नगरपालिकामा आ.व. २०८०/०८१ को पहिलो चौमासिक अवधिमा सञ्चालन भएका विकास निर्माण कार्यहरु तथा स्थानीय बासिन्दाहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुनासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने उद्धेश्यले सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो ।

यस्ता सार्वजनिक सुनुवाई कार्यक्रम गर्दा कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन सघाउ पुग्ने गर्दछ । यसका साथै नगरपालिकाको सार्वजनिक सुनुवाईको कामले सुचनाको हक दिलाउने एउटा औजारको रुपमा समेत काम गरेको छ ।



*सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीहरु*

## ३. सार्वजनिक सुनवाई कार्यक्रमको उद्देश्य :

यस कार्यक्रमको मुख्य उद्देश्य शंखरापुर नगरपालिकाबाट आव २०८०/०८१ को पहिलो चौमासिक अवधिमा नगरपालिकाका बासिन्दाहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुनासोहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए ।

१. जनताका गुनासोहरु सुन्नु ।

२. जनताको समस्यामा छलफल गर्नु ।

३. नगरपालिकामा पहिलो चौमासिक अवधिमा गरिएका कामहरुको मूल्यांकन गर्नु ।

४. आगामी दिनहरुमा नगरपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु ।

५. कार्यक्रमबाट अपेक्षा गरिएका उपलब्धि

४. कार्यक्रमबाट भएका उपलब्धिहरु ।

(क) नगरपालिका र नगरबासी बीचको सम्बन्ध अझ राम्रो हुनेछ ।

(ख) आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुने छ ।

## ४.जवाफदेही वक्ताहरु :

- शंखरापुर नगरपालिकाका नगर प्रमुख श्री रमेश नापित
- शंखरापुर नगरपालिकाका नगर उप-प्रमुख श्री समिता श्रेष्ठ
- शंखरापुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री अमृत कुमार धिताल
- इलाका प्रशासन कार्यालय, साँखु प्रमुख, सीता परियार
- महानगरीय प्रहरी प्रभाग, साँखु प्रमुख, फूलमाया घिसिङ
- शंखरापुर नगरपालिकाका वडा नं. १ का वडा अध्यक्ष श्री बाबुराम दंगाल
- शंखरापुर नगरपालिकाका वडा नं. २ का वडा अध्यक्ष श्री रणबहादुर तामाङ
- शंखरापुर नगरपालिकाका वडा नं. ३ का वडा अध्यक्ष श्री सुर्यबहादुर तामाङ
- शंखरापुर नगरपालिकाका वडा नं. ४ का वडा अध्यक्ष श्री सुनाबहादुर तामाङ
- शंखरापुर नगरपालिकाका वडा नं. ५ का वडा अध्यक्ष श्री शेरगंभीर थापा
- शंखरापुर नगरपालिकाका वडा नं. ६ का वडा अध्यक्ष श्री राधाकृष्ण श्रेष्ठ
- शंखरापुर नगरपालिकाका वडा नं. ७ का वडा अध्यक्ष श्री विष्णुप्रसाद श्रेष्ठ
- शंखरापुर नगरपालिकाका वडा नं. ८ का वडा अध्यक्ष श्री पोते थिङ

- शंखरापुर नगरपालिकाका वडा नं. ९ का वडा अध्यक्ष श्री सहदेव श्रेष्ठ

**शाखा प्रमुखहरु**

- महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख, निर्जला अधिकारी चुडाल
- प्रशासन तथा राजश्व शाखा प्रमुख, सुभद्रा पुडासैनी
- कृषि विकास शाखा प्रमुख, सीतादेवी गुरागाई
- आर्थिक प्रशासन शाखा प्रमुख गोविन्द प्रसाद अधिकारी
- स्वास्थ्य शाखा प्रमुख श्री विष्णु प्रसाद चापागाई
- योजना तथा अनुगमन शाखा प्रमुख श्री राममणी ढकाल
- जिन्सी शाखा प्रमुख श्री सुवोध थापा
- नगर प्रहरी बल प्रमुख श्री आङ काजी शेर्पा, लगायतका व्यक्तित्वहरु



*(प्रश्नहरुको जवाफ दिनुहुँदै प्रमुख प्रसाशकीय अधिकृत अमृतकुमार धिताल)*

## ५. सार्वजनिक सुनवाई कार्यक्रमको विवरण

(क) सार्वजनिक सुनुवाई कार्यक्रम आयोजक : शंखरापुर नगरपालिका, साँखु, काठमाडौं ।

(ख) सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्था र व्यक्तिको नाम, ठेगाना : मोक्ष मिडिया प्रा. ली. शंखरापुर १ काठमाडौं, नेपाल

(ग) सार्वजनिक सुनुवाई कार्यक्रम भएको मिति : २०८० फागुन २२ गते

(घ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको स्थान : नगरपालिकाको सामुदायीक हल, इन्द्रायणी, काठमाडौं ।

(ङ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको समय : विहान ११ बजे देखि दिउसो ४ बजे सम्म ।

(च) कार्यक्रम सञ्चालन गरिएको समयावधि : ५ घण्टा

(छ) कार्यक्रममा सहभागी संख्या : ८५ जना

(ज) कार्यक्रमको अध्यक्षता : शंखरापुर नगर प्रमुख रमेश नापित

(झ) नागरिक प्रतिवेदन सर्वेक्षणको सहभागी संख्या : २०० जना

(ञ) बहिर्गमन अभिमत सर्वेक्षणको सहभागी संख्या : २०० जना

(ट) नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत सम्पादन : मोक्ष मिडिया प्रा.ली.काठमाडौं ।




***प्रश्नहरुको जवाफ दिनुहुँदै शंखरापुर नगर उप-प्रमुख समिता श्रेष्ठ***

## ६. सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएका प्रतिवेदनहरु :

(क) नागरिक प्रतिवेदन सर्वेक्षण

(ख) नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत

(ग) नगरपालिका प्रगति विवरण

## ७. सार्वजनिक सुनुवाईमा छलफल गरिएका विषयवस्तुहरु :

शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, सूचना, रोजगार, कृषि क्षेत्र, नगरपालिकाको भौत्तिक पूर्वाधार तथा विकास निर्माण, आय-व्ययको अवस्था ।

## ८. सार्वजनिक सुनवाई कार्यक्रममा भएको उपस्थिति

शंखरापुर वडा नम्बर ९ इन्द्रायणीस्थित सामुदायिक भवनको हलमा गरिएको यस कार्यक्रममा २०८०/०८१ को पहिलो चौमासिक अवधिमा सम्पादन गरिएका विकास निर्माण कार्य र नगरपालिकाले पुऱ्याएको सेवा सुविधाका बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो । नगरपालिकाका सम्पूर्ण बस्तीहरु, टोल विकास संस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, उपभोक्ता समिति, सामुदायिक विकास संस्था, विद्यालयहरु, सहकारीहरु, व्यावसायीहरु, शिक्षक, बुद्धिजिवीहरु तथा नगरपालिकाका विषयगत शाखाका कर्मचारीहरुलाई आमन्त्रण गरिएको थियो । सो मध्येका सबैप्रतिनिधी गरी उपस्थित सबै ८५ जनाको उपस्थिती भएको थियो, जसको विवरण अनुसूचीमा दिइएको छ ।



*(प्रश्नहरुको जवाफ दिनुहुँदै शंखरापुर नगरप्रमुख रमेश नापित)*

## ९. सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन शत्र

सार्वजनिक सुनुवाई कार्यक्रम ३ शत्रमा सञ्चालन भएको थियो ।

(क) नगरपालिकाको तर्फबाट 'दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम प्रगति विवरण' प्रस्तुत

(ख) नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन तथा प्रतिवेदन

(ग) प्रश्नोत्तर र अर्न्तक्रिया

(घ) समापन

कार्यक्रमको पहिलो शत्रअघि राष्ट्रिय गान, नगरगाथा, अतिथि आशन ग्रहण लगायतका कार्यक्रम भएको थियो :

मिति : २०८०-११-२२ गते

कार्यक्रम प्रस्तोता : यज्ञराज घिमिरे (गोपाल)

## पहिलो सत्र-२ घण्टा

(क) अध्यक्षता ग्रहण : शंखरापुरका नगर प्रमुख श्री रमेश नापित ज्यू

(ख) पदाधिकारीहरुको आसन ग्रहणको कार्यक्रम : नगर उपप्रमुखश्री समिता श्रेष्ठ ज्यू, प्रमुख प्रशासकिय अधिकृत श्री अमृत कुमार धिताल ज्यू, आर्थिक प्रशासन शाखा प्रमुख श्री गोविन्द अधिकारी ज्यू, इलाका प्रशासन कार्यालय साँखुका प्रमुख, सीता नेपाली ज्यू, मालपोत कार्यालयका प्रतिनिधि ज्यू, नगरपालिकाका विभिन्न शाखाका प्रमुख ज्यू ।

ग) शंखरापुर नगरपलिकाका सबै वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट आसन ग्रहण ।

घ. यस न.पा. का वडा नं. १ देखि ९ सम्मका सबै वडा सदस्यज्यूहरुबाट यथा स्थानमा आसन ग्रहण ।

ङ. राजनैतिक दलका प्रमुख एंवम प्रतिनिधिज्यूहरुलाई आसन ग्रहण :

नेपाली कांग्रेश : दिलिपकुमार श्रेष्ठ

नेकपा एमाले : रामकुमार तिवारी

नेकपा (माओवादी) : रक्षेबहादुर ग्लान

राष्ट्रिय प्रजातन्त्र पार्टी : जयराम श्रेष्ठ

नेकपा एकीकृत समाजवादी : एलपी श्रेष्ठ

नगरपालिकाका विभिन्न विषयगत शााखा-उपशाखाका प्रमुख एव कर्मचारीहरु, सबै वडाका वडा सचिवहरु, नगरपालिकाका सबै कर्मचारीहरु ।

सहभागी पत्रकारहरु :

१. अशोक चौलागाई

२. अजय पोखरेल

३. शम्भु दंगाल

**राष्ट्रियगान** : सामुहिक

शंखरापुर गाथा : सामुहिक




(स्वागत मन्तव्य राख्नुहुँदै बरिष्ठ शाखा अधिकृत सुभद्रा पुडासैनी)

**सार्वजनिक सुनुवाई कार्यक्रमका प्रमुख ३ शत्रबारे संक्षिप्त चर्चा :**

**(क) नगरपालिकाको तर्फबाट 'दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम प्रगति विवरण' प्रस्तुत**

सार्वजनिक सुनुवाई कार्यक्रमको पहिलो सत्रमा शंखरापुर नगरपालिकाको तर्फबाट पहिलो चौमासिकसम्म भए गरेका प्रगति विवरण सार्वजनिक गरिएको थियो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री अमृतकुमार धितालले आर्थिक वर्ष २०८०/०८१ को पहिलो चौमासिकसम्मको प्रगति समिक्षा एवम् खर्च, नगरपालिकाका विभिन्न शाखाहरुबाट भएका कार्यसम्पादन लगायतका विषयमा जानकारी गराउनुभएको थियो ।

**ख) नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन तथा प्रतिवेदन प्रस्तुती :** कार्यक्रमको दोश्रो सत्रमा सार्वजनिक सुनुवाईका लागि स्थलगत रुपमा तथ्याङ्क संकलन गरी प्राप्त नतिजाको आधारमा तयार पारिएको प्रतिवेदन प्रस्तुत गरिएको थियो । सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिई नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत लिई सो को प्रतिवेदन अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेको छ ।

स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधिले तय गरेको ढाँचा अनुसार नागरिक प्रतिवेदन र नागरिक अभिमत सहकर्ता संस्था स्वयम्ले संकलन गरि प्रतिवेदन तयार गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा सरोकारवाला पक्षहरुलाई त्यसबारे जानकारी गराईएको थियो । कार्यविधीको अनुसुची २ बमोजिमको नागरिक प्रतिवेदन (Citizen Report Card) र अनुसुची ३ बमोजिमको बर्हिगमन अभिमत (Exit Poll) सेवा प्रवाह सम्बन्धित गरिएको अध्ययन बाट प्राप्त भएको विवरण अनुसार तयार पारिएको प्रतिवेदन प्रस्तुतीकरण गरिएको थियो ।

### (ग) प्रश्नोत्तर र अर्न्तक्रिया




सार्वजनिक सुनुवाई कार्यक्रमको तेश्रो चरणमा प्रश्नोत्तर गरिएको थियो । कार्यक्रमको सुरुवातमा सार्वजनिक सुनुवाई सहजिकरण गर्ने संस्था मोक्ष मिडिया प्रा.ली.का तर्फबाट कार्यक्रम संचालक यज्ञराज घिमिरे (गोपाल) बाट सार्वजनिक सुनुवाईमा पालन गर्नुपर्ने आचारसंहिताको प्रस्तुतीकरण गर्नुभएको थियो । जुन यसै प्रतिवेदनको अनुसुचीमा समावेश गरिएको छ । त्यसपछि मोक्ष मिडियाका तर्फबाट पत्रकार शम्भु दंगालले नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन तथा प्रतिवेदन प्रस्तुत गरेका थिए ।

अचार संहिता, सार्वजनिक सुनुवाई कार्यक्रमको अनुशासन र शैलीबारे जानकारी गराएपछि कार्यक्रम सञ्चालकबाट फ्लोर ओपन गरिएको थियो । त्यसपछि कार्यक्रममा सहभागीहरुले नगरप्रमुख रमेश नापित, उपप्रमुख समिता श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत अमृतकुमार धिताल, इलाका प्रशासन कार्यालय प्रमुख सीता परियार, ट्राफिक प्रहरी लगायतलाई सहभागीहरुले प्रश्न गरेका थिए ।



**कार्यक्रममा सहभागीहरुले उठाएको प्रश्नको जवाफ सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीले दिएका थिए । कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु :**

| क्र. सं. | प्रश्नकर्ताको नाम र ठेगाना | प्रश्नहरु | जवाफदेही वक्ता | जवाफ |
|---|---|---|---|---|
| **१.** | **रामकृष्ण सिं, शंखरापुर वडा नम्बर ७** | १) बज्रयोगिनीको जुन प्रवन्ध समिति आएको छ, त्यसको अभिभावकत्व नगरप्रमुख वा उपप्रमुखले गरिदिनुपर्‍यो भन्ने मेरो सुझाव छ ।<br>२) सम्पदा संरक्षणमा उदासिन देखिनु भएन ।<br>३) च्यानेपाटीमा रहेको फोहोर प्रशोधन केन्द्र त्यहाँबाट हटाउँनका लागि २ सय जनाको हस्ताक्षर संकलन गरेर दिएको थिएँ । नसक्ने हो भने मेयर उपमेयरले आफूलाई असक्षम घोषणा गर्नुपर्‍यो ? | **रमेश नापित, नगरप्रमुख र अमृतकुमार धिताल, प्रमुख प्रशासकीय अधिकृत** | -हाल फोहोर संकलन केन्द्र रहेको चिहानेपाटीबाट त्यसलाई अन्य ठाउँमा सार्नुपर्‍यो भनेर जुन कुरा उठेको छ । त्यसलाई कहाँ र कसरी व्यवस्थापन गर्न सकिन्छ, त्यसबारेमा छलफल भएकै हो । यो बिचमा हामीले ठाउँको खोजी गर्दा ठ्याक्कै ठाउँ पाउन सकेका छैनौं । हामीले राजनीतिक दलका साथीहरुसँग पनि छलफल गर्‍यौं, ठाउँ छनौट गर्नुस न त भन्दा बस्ति भन्दा बाहिर त्यस्तो ठाउँ पाउँन सकिरहेका छैनौं । यो हामी सबैको जिम्मेवारी हो, यो विषयमा सहकार्य गर्न सबैलाई आग्रह गर्न चाहन्छु । |

| | | | | |
|---|---|---|---|---|
| | | ४) आफ्नो मौलिकता मासेर मिलारेपामा कोरियन शैलीमा मन्दिर बनाउँन जुन अनुमति दिइएको छ, यसलाई सुधार गर्न सकिन्छ भने सुधार गर्न अनुरोध गर्दछु । धर्म संस्कृति संरक्षणका लागि उदासीन भएको देखियो । उदासिन नभईदिनुहुन अनुरोध गर्दछु ।<br>५) सार्वजनिक सुनुवाई कार्यक्रमको बारेमा स्थानीय मिडिया र अन्य धेरै मान्छेलाई जानकारी दिनुपर्‍यो ।<br>६) अनाधीकृत रुपमा जग्गा प्लटिङ हुँदा प्राकृतिक सम्पदा, धार्मिक संम्पदा जोगाउँने किसिमले पहल गर्नुपर्‍यो । | | -सार्वजनिक सुनुवाईका लागि हामीले एकसाता अघि नै सबै वडा कार्यालयहरुलाई जानकारी गराईसकेका छौँ । सबै राजनीतिक दलहरुलाई जानकारी गराईसकेका छौँ, सबै मिडियाहरुलाई जानकारी गराईसकेका छौँ । सबै वडा कार्यालयहरु मार्फत सूचना प्रवाह भएको छ । आगामी दिनमा थप सूचना प्रवाह गर्नुपर्ने अवस्थामा त्यसलाई अझै प्रभावकारी बनाउने विश्वास ब्यक्त गर्दछु ।<br>-मन्दिर बनाउँनका लागि प्रक्रिया अघि बढेपछि त्यो सम्पदालाई हिन्दूले पनि मान्ने र बुद्धिष्टले पनि मान्ने भन्ने कुरा आइसकेपछि दुबै पक्षलाई समेट्ने गरी त्यसको डिजाइन तयार गरिएको हो । पहिला बनाएको डिजाइन बुद्धिष्टको जस्तो मात्र देखियो भन्ने गुनासो आएपछि त्यसलाई परिमार्जन गरेर बुद्धिष्ट र हिन्दूलाई प्रतिनिधित्व गर्नेगरी त्यसलाई अघि बढाईको हो । |
| २. | **राजु लामा, शंखरापुर वडा नम्बर १** | १) नगरपालिकाले ५ लाख भन्दा मुनीको सम्झौता वडा कार्यालयमै गर्न भनेको रहेछ । सम्झौता वडामा हुन्छ तर भूक्तानी लिन नगरपालिकामा आउँनुपर्छ । सम्झौता भएको ठाउँबाटै भुक्तानी दिने व्यवस्था गर्नुपर्‍यो, दुःख दिने काम गर्नुभएन, म आफैँले यसमा दुःख पाइरहेको छु ।<br>२) अर्को कुरा अघिल्लो मेयरको कार्यकालमा सबै कर्मचारीहरु अनुगमनमा जानुहुन्थ्यो । तर अहिले हामी उपभोक्ता समितिका मान्छेहरु पुग्दा अनुगमन गर्ने मान्छेहरु पुग्नुहुन्न । कहाँ गएर अनुगमन गर्नुहुन्छ ? उपभोक्ता समितिलाई काम गर्नका लागि व्यक्तिको जग्गा हो कि सार्वजनिक जग्गा हो अगाडि | **समिता श्रेष्ठ, उप-प्रमुख र अमृत कुमार धिताल, प्रमुख प्रशासकीय अधिकृत** | -व्यक्तिको जग्गामा सार्वजनिक संरचना बनाएका कारण तपाईको भूक्तानी रोकिएको जानकारी गराउँन चाहन्छु । व्यक्तिको जग्गामा नगरपालिकाको बजेट राखेर काम गर्न मिल्दैन । यो कुरा भोलीका दिनमा पनि तपाईहरुले मनन गर्नुपर्छ ।<br>- वडाबाटै सम्झौता र वडाबाटै भूक्तानी भन्ने कुरा अहिलेको कानुनी र प्रक्रियागत हिसावले संभव छैन । कानुनी र प्रक्रियागत हिसावले यो संभव छैन । प्रक्रिया नमिलेका कारण त्यसलाई नगरपालिकाबाट नै रोकिएको हो ।<br>- योजना सम्झौता र भूक्तानीको विषयमा, नीतिगत रुपमा भन्नुपर्दा योजना सम्झौता वडालाई गर्न दिने त्यति राम्रो कुरा हैन । प्रमुख प्रशासकीय अधिकृत वित्तिय उत्तरदायीत्व अधिकारी तोकिएको हुनाँले योजना सम्झौताको कुरापनि सबै प्रमुख प्रशासकीय अधिकृतसँगै हुने कानुनी व्यवस्था रहेको छ । अलि टाढाको वडाहरु, बस्तिहरु भएको हुनाले ५० हजार, १ लाखका योजनाका लागि पटक पटक |

| | | | | |
|---|---|---|---|---|
| | | नै छुट्याईदिनुपऱ्यो । मैले भूक्तानी नपाएको ४१ दिन भयो, कहिले भूत्तानी हुन्छ | | नगरपालिका सम्म आउँनुपर्ने झन्झट हुने भएकोले हामीले ५ लाख सम्मको योजनाहरु वडामै सम्झौता गर्नु भनेर नगरसभाबाट नै निर्णय भएको छ। त्यसरी नै हामीले कार्यान्वयन गरिरहेका छौं । |
| ३. | हरिचन्द्र थापा, शंखरापुर, वडा नंम्बर ८ | शंखरापुर वडा नम्बर ८ मा २०८० माघ ५ गते घटेको घटना हामीले बिर्सन सकेका छैनौं । १५ दिने सूचना, साँध सँधियारको छलफलबिना एउटै कित्ता जग्गालाई दुई कित्ता बनाएको र मान्छे कुटिएको घटनामा के हुँदैछ ? हामीले प्रहरी प्रभाग साँखुमा उजुरी दिएका थियौं, माघ ११ गते प्रमुख प्रशासकीय अधिकृतलाई संवोधन गरी निवेदन दिएका थियौं । माघ १७ गते न्यायिक समितिमा निवेदन दिएपनि दोषीलाई कारवाही हुन सकेको छैन ।<br>संविधानले दिएको हक प्रयोग गरी कर छलि भएको विषय बुझ्न जाँदा एउटा ब्यक्ति कुटिनुपर्छ भने शंखरापुरमा बिधिको शासन कहाँ छ ? | **समिता श्रेष्ठ, उपप्रमुख** | -जग्गा विवादमा कुटपिट भएको विषयमा खबर पाउँने वित्तिकै प्रहरी लिएर हामी गएका थियौं । कुटपिटबाट घाइते भएमा १५ दिनभित्र उपचार पाउने सहमति भएको थियो । त्यसपछि अन्य प्रक्रिया अगाडि बढाउँने कुरा भएको थियो । छलफल गरेर विवाद समाधान गर्ने अनुरोध गर्न चाहन्छु । |
| ४. | **सुरेन्द्र श्रेष्ठ, वडा नम्बर ७** | सबैले सर्वसुलव रुपमा स्वास्थ्य सेवा पाउन । त्यसका लागि स्वास्थ्य बिमा सबै शंखरापुरबासीहरुलाई सर्वसुलभ बनाइयोस। स्वास्थ्य सेवा सस्तो होस, महंगो नहोस । स्वास्थ्य विमाका लागि हामीले कस्तो गर्नुपर्ने हो, सबै जनतालाई आह्वान गरेर स्वास्थ्य विमा गरिदिओस । स्वास्थ्य विमाको कार्ड भएपछि हामीले नगर | **अमृतकुमार धिताल, प्रमुख प्रशासकीय अधिकृत** | विमा गर्नुभन्दा पहिला सबै सुविधाको व्यवस्था गर्नुपर्ने हुँदो रहेछ । यहाँबाट सबै खालका उपचार सेवा पाउनुपऱ्यो । त्यसका लागि यहाँको सेवा विस्तार भइनसकेको कारणले गर्दा अस्पताल जान सेवाग्राहीले हिच्किराईरहेको अवस्था रहेछ। नगर अस्पतालको सेवा विस्तार गर्ने काममा हामी अगाडि बढिसकेका छौं । अस्पतालको फार्मेसीलाई हामीले औषधी किनेर दिइसकेका छौं । फार्मेसी व्यवस्थित भइसकेको छ । अस्पतालमा २४ सै घण्टा इर्मजेन्सी सेवा जोडिसकेका छौं । हामीसँग २४ सैं घण्टा |

| | | | | |
|---|---|---|---|---|
| | | हस्पिटलमात्र हैन अरु ठूला अस्पतालहरु गंगालाल, वीर अस्पतालमा पनि लागू हुने हुनुपर्‍यो । | | स्वास्थ्यकर्मी र डाक्टर उपलब्ध रहनुहुन्छ । नगरअस्पतालको छेउमा बर्थिङ सेन्टर निर्माण गर्ने काम भइरहेको छ । आवश्यक पूर्वाधार निर्माण गरिसकेपछि आगामी दिनमा हामी स्वास्थ्य विमाको कार्यक्रमलाई आगामी नीति तथा कार्यक्रममा हालेर नगरपालिकाले के गर्न सक्छ त्यो विषयमा गंभीर ढंगले छलफल गरेर अगाडि बढ्नेछौं । |
| **५.** | **केशव खड्का, वडा नम्बर ९** | मेरो जग्गामा खोला पर्‍यो । न वडाले मसँग संमन्वय गर्‍यो, न नगरपालिकाले मसँग भन्यो । गत वर्षपनि सार्वजनिक सुनुवाईमा मैले भनेको थिँए । त्यो मेरो जग्गामा मात्र किन त्यसो गरियो। मेरो जग्गामा मैले खेती गर्नुपर्दैन ? मेरो जग्गासँगै सडकमा दायाँ बायाँ २२ मिटर खोला पुरिएको छ । त्यो खोला नगरपालिकाले खोल्नुपर्दैन ? मैले उपमेयर सावलाई देखाएरै भनेको थिँए, मेरो जग्गामा मेरो जग्गामा खोलो छोडिन्छ तर पुरिएको खोलो किन खोलिँदैन ? मैले त्यसको बिरोध गर्दै आइरहेको छ। मैले त्यो जग्गाको करपनि तिर्दै आइरहेको छु। मैले त्यसबारेमा खबर गर्दा छिमेकीहरु पनि सम्पर्कबिहिन भएर बसे । २२ मिटर सडक पछाडि भएको खोलोलाई पहिलेकै अवस्थामा लैजानुपर्‍यो। | **रमेश नापित, नगरप्रमुख** | -केशव दाईको जग्गा खोलामा परेको भन्ने प्रश्न आयो । हामीले पहिले पनि स्थानीय राखेर त्यसबारेमा छलफल गरेका हौं । त्यसलाई कसरी मिलाउन सकिन्छ, हाम्रो तर्फबाट काम गर्छौं । |
| **६.** | **सुदामा खड्का, वडा नम्बर ९** | लगभग एक बर्ष अगाडि हामी शंखरापुरबासीले अब्यवस्थित बंगुरपालनबाट समुदायमा दुर्गन्ध फैलियो भनेर निवेदन दिएका थियौं । जसको दर्तापनि छैन, एउटा व्यक्तिले १० जना | **रमेश नापित, नगरप्रमुख** | अबैध ढंगले बंगुरपालन गरेको छ भने हामीले त्यसलाई निषेध गरेका छौं । कानुनी रुपमा दर्ता गरेर मात्र कुनै व्यवसाय गर्नुपर्ने हुन्छ यो विषयमा केही समस्या छ हामी छलफल गरेर त्यस्ता समस्या समाधान गर्न तयार छौं । |

| | | | | |
|---|---|---|---|---|
| | | कामदार राखेर २ सय वटा बंगुर पालेको हामीले वडा कार्यालयमा जानकारी गरायौँ । वडाले छलफलपनि गरायो । त्यसको प्रक्रिया केहीपनि भएन, हामीलाई जानकारीपनि भएन । त्यसपछि बाध्य भएर हामीले हस्ताक्षर संकलनपनि गऱ्यौँ । हामीले वडामा उठाएको कुरा नगरपालिकामा पुग्दै नपुग्ने हो कि ? वा वडाध्यक्षसँग नगरपालिकाको समन्वय नै नहुने हो कि ? दर्ता नगरी बाहिरको व्यक्ति आएर दशौं लाख लगानी गरेर व्यवसाय गर्नु अनि नगरपालिका भित्रका व्यक्तिलाई भने कारवाही गर्ने अवस्था देखिएको छ। यसबारेमा म मेयरसावको ध्यानाकर्षण गराउँन चाहन्छु । | | |
| ७. | **एलपी श्रेष्ठ, साँखु** | माटो व्यवस्थापनका नाममा वर्षौ बर्ष त्यही काम गर्न पाइन्छ कि पाँइदैन ?<br>बज्रयोगिनी मन्दिर क्षेत्रका लागि नगरपालिकाले बजेट छुट्याउँनुपर्छ । सम्पदा क्षेत्र जोगाउँनका लागि नगरपालिकाले ध्यान दिन आवश्यक छ । | **रमेश नापित, नगरप्रमुख** | - माटो व्यवस्थापनको कुरा आएको छ, त्यो सधैभरीका लागि होइन । सार्वजनिक ठाउँको माटो व्यवस्थापन गर्नेले राजस्व तिर्नुपर्ने हुन्छ । नगरपालिका एउटा पक्षको मात्र भन्ने हुँदैन, हामी सबैको हो। यसमा हामी सबै मिलेर काम गर्नुपर्ने हुन्छ ।<br>- बज्रयोगिनी क्षेत्रको विकासका लागि हामीले धेरै काम गरेका छौँ, राजनीतिक दलका साथीहरुले पनि हामीलाई सहयोग गरिरहनु भएको छ । सम्पदा संरक्षणका लागि विभिन्न योजनाहरु बनाएर काम अघि बढिरहेको छ । |
| ८. | **सुरेश मानन्धर, साँखु ।** | हाम्रो नगरपालिकाले सुष्मा कोइरालाई दिएको अनुदान कहाँ प्रयोग भइरहेको छ । यदी हामीले बढी पैसा अनुदान | **अमृतकुमार धिताल, प्रमुख** | **-** एकजना शंखरापुरका नागरिकले १५ हजार रुपैयाँसम्म छुट पाउँने व्यवस्था गरिएको छ । सुष्मा कोइरालामा जाने हाम्रा नागरिकहरु त धेरै नै होलान । ६० लाख रुपैयाँ अनुदानबाट |

| | | | | |
|---|---|---|---|---|
| | | दिनुपरेको छ भने किन दिनुपऱ्यो । त्यो आवश्यक छ र ?<br><br>कतिपय स्कुलमा बिद्यार्थीभन्दा शिक्षक धेरै भएको अवस्था पनि देखिएको छ । यस्ता स्कूलहरुलाई कसरी व्यवस्थापन गर्ने ? | **प्रशासकीय अधिकृत** | हामीले एकजनालाई १५ हजारसम्म छुट दिँदा हामीले लगभग ४ हजार जना विरामीलाई छुट दिन सक्ने हुन्छौं । शंखरापुरबासी एक बर्षमा जो जति पटक सुष्मा कोइराला अस्पतालमा जानुहुन्छ उहाँहरुलाई १५ हजार रुपैयाँसम्म छुट दिनुपर्छ ।<br><br>-शिक्षक र विद्यार्थीको अनुपातको विषयमा विद्यालय शिक्षा ऐन नआएको कारणले गर्दा हामीले यहाँपनि कक्षा अनुसार शिक्षक पुऱ्याउँन नसक्ने र कक्षा खाली हुने त्यस्तो अवस्थापनि छ । शिक्षा क्षेत्र र शिक्षकको विषयमा बसेर हामीले धेरै कुरा गर्न बाँकी रहेको छ ।<br>२० जना विद्यार्थी छन् र ५ वटा कक्षा चलेको छ, एउटा कक्षामा एक जना शिक्षकको दरमा ५ जना शिक्षक त्यहाँ जान बाध्य छ। त्यसकारण यो प्राविधिक विषय भएको हुनाँले अहिले मर्ज गरिहाल्नपनि त्यति सजिलो छैन । |
| ९. | **रक्षे बहादुर ग्लान, वडा नम्बर ८** | शंखरापुरका मेयर, उपयमेयर, वडाध्यक्षहरुलाई म के आग्रह गर्न चाहन्छु भने शंखरापुरका डाँडा काँडाहरु जहाँसम्म विकासका योजनाहरु पुगेका छैनन, त्यहाँ पुऱ्याउनुपऱ्यो । | **रमेश नापित, नगरप्रमुख** | नगरपालिकाको पिछडिएको क्षेत्रलाई हेर्नुपऱ्यो भनेर जुन सुझाव आएको छ, मपनि अहिले सोही बिचारका साथ काम गरिहेको छु। त्यसमा मेरो ध्यानाकर्षण भएको छ । दुर्गम क्षेत्रको विकासका लागि बढी प्राथमिकता दिइरहेको छु । बजेट माग गर्दा वडा नम्बर १, २, ३ र ४ लाई बढी प्राथमिकता दिइरहेको छु। हाम्रो मुख्य लक्ष्य भनेकै जनतालाई चाडोभन्दा चाँडो सेवा सुविधा दिने, उहाँहरुले मागेको कुरामा प्रक्रिया, मापदण्ड पुगेन भने त्यसको जानकारी गराउँने भनेर कर्मचारीहरुलाई निर्देशन दिएको छु । |
| १०. | **प्रकाशमान श्रेष्ठ, शंखरापुर वडा नं ७** | शंखरापुर नगरपालिकाका धार्मिक संस्थाहरुका बारेमा पुस्तक लेख्नका लागि अघिल्लो मेयरको पालामा दिएका थियौं, त्यसमा के प्रगति भएको छ ?<br>नगरपालिका भित्र रहेका मठमन्दिर, बरपिपल चौतारो | **रमेश नापित, नगरप्रमुख** | त्यसबारेमा के सामग्री आएको छ बुझ्नेछौं । सांस्कृतिक सम्पदा संरक्षणका लागि नीति तथा कार्यक्रममा समेटेर अगाडि बढिरहेका छौं । |

| | | | | |
|---|---|---|---|---|
| | | संरक्षण गर्ने के योजना रहेको छ ? | | |
| ११ | **दोर्जे लामा, वडा नम्बर १** | ट्रिपरको स्पीड रोक्ने काम किन नभएको हो ? जथाभावी रुपमा सवारी चेकजाँचको काम भइरहेको छ । छाप भञ्ज्याँङ सिमानामा ट्रिपर रोक्नुपऱ्यो र बेलुका ८ बजेपछि मात्र सञ्चालन गर्न दिनुपऱ्यो । | **उद्धव पोखरेल, ट्राफिक प्रहरी नायव निरिक्षक** | हामीलाई त्यस्ता गाडीको नम्बर टिपाईदिनुभयो भने घटनास्थलमै वा पछि भेटेको बेलामा कारवाही गर्न सजिलो हुने थियो । त्यसरी लापरवाही गर्न पक्कैपनि पाइदैन । |
| १२ | **रामप्रसाद घिमिरे, वडा नम्बर १** | वडा १ मा खानेपानीको समस्या छ, नाङलेमा भत्केको बाटो कहिले बन्छ, छापभन्यङ सडक कालोपत्रे हुदै फटकेश्वर सडक स्तरउनतीमा मेलम्ची नगरपालिकासँग कस्तो समन्वय गर्दै हुनुहुन्छ ? | **रमेश नापित, नगरप्रमुख** | खानेपानी सेवा सर्वसुलभ बनाउँका लागि खानेपानीका स्रोतहरु खोज्ने काम भइरहेको छ । बाटो खन्ने नाममा पानीको पाइप काट्ने काम भइरहेको छ भने जानकारी दिन आग्रह गर्दछु । बाटो निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग पहल भइरहेको छ । |
| १३ | **दिलिप श्रेष्ठ, वडा नम्बर ६** | सम्पदा बस्तिमा टिपर चलाउँन दिईएको छ, यसो गर्न पाइन्छ ? सुष्मा कोइराला अस्पतालमा छुट पाइन्छ भन्ने तर म आफैंले २२ सय रुपैयाँ तिर्नपऱ्यो । यस्तो किन भइरहेको छ ?<br>नागचाःको मन्दिर बनाउँने विषयमा किन विवादास्पद काम भइरहेको छ ? | **रमेश नापित, नगरप्रमुख, अमृतकुमार धिताल, प्रमुख प्रशासकीय अधिकृत र उद्धव पोखरेल, ट्राफिक प्रहरी नायव निरिक्षक** | -विशेष गरी कार्यालय समय बिहान ९ देखि ११ बजेसम्म र साँझ ४ बजेदेखि ७ बजेको समयमा मालबहाक सवारी साधन सञ्चालनमा बन्देज लगाएका छौं । बाह्र चक्के ट्रकको कुरा गर्नुभयो, त्यसको काम नै मालबहालक हो, के चाँही गरेका छौं भने हामीले क्षमताभन्दा बढी सामान बोकेका सवारी साधानलाई हामीले कारवाही गरेर पठाउँने गरेका छौं । त्यस्ता ट्रकहरुलाई पूर्ण रुपमा निषेध गर्ने अधिकार हामीलाई हुँदैन । ओभरलोड भएको अवस्थामा मात्र हामीले कारवाही गर्ने हो, अन्यथा हामीले केही गर्न सक्ने हुँदैन ।<br>-सुष्मा कोइराला मेमोरियल अस्पतालको विषयमा विगत वर्षदेखि नै नगरपालिकाले केही अनुदान दिने र अस्पतालले उपचार सेवा दिने केही सम्झौता भएको छ । अस्पतालले कुन कुन सेवा सुविधाहरुमा कति प्रतिशत छुट दिने भन्ने व्यवस्था रहेछ । त्यहाँको सेवा शूल्क निर्धारण गर्ने त्यहाँको छुट्टै समिति छ, त्यसबारे बोर्डले |

| | | | | |
|---|---|---|---|---|
| | | | | निर्णय गर्छ । अस्पतालको शुल्क बढाउँने वा घटाउँने अधिकार नगरपालिकासँग छैन, हामीले अनुरोध सम्म गर्ने हो । हामीले उहाँहरुलाई अनुदान दिन्छौं, त्यसवापत उहाँहरुले कुन कुन सेवामा कति कति प्रतिशत छुट दिने, कुनै सेवामा शतप्रतिशत छुट दिने, कुनै सेवामा २० प्रतिशत, कुनैमा ५० प्रतिशत छुट दिने, कुनैमा शतप्रतिशत छुट दिने त्यो खालको सम्झौता छ ।<br>- नागचाःको बारेमा जुन कुरा आइरहेको छ । यो पौराणिक स्थल हो । त्यहाँ मन्दिर बनाउँनका लागि प्रक्रिया अघि बढेपछि त्यो सम्पदालाई हिन्दूले पनि मान्ने र बुद्धिष्टले पनि मान्ने भन्ने कुरा आइसकेपछि दुबै पक्षलाई समेट्ने गरी त्यसको डिजाइन तयार गरिएको हो । पहिला बनाएको डिजाइन बुदिष्टको जस्तो मात्र देखियो भन्ने गुनासो आएपछि त्यसलाई परिमार्जन गरेर बुद्धिष्ट र हिन्दूलाई प्रतिनिधित्व गर्नेगरी त्यसलाई अघि बढाईको हो । |
| **१४** | **रामकुमार तिवारी वडा नं. १** | ट्राफिक प्रहरीलाई अनुरोध गर्न चाहन्छु, साँखुबाट पास भएर गएको बस नयाँपाटीमा धेरै बेर रोकेर राख्ने गरिएको छ, अर्को बसलाई कुरेर बस्ने र बस आएपछि बढि स्पीडमा गुड्ने गरेको छ ।<br>साँखु फड्केश्वर सडक अन्तर्गत कालोपत्रे हुन बाँकी रहेको सडक कहिले कालोपत्रे हुन्छ, त्यसका लागि के पहल भइरहेको छ ? यो विषयलाई नगरप्रमुख, उपप्रमुखले चासो दिइराख्नुभएको छ कि छैन ? | **रमेश नापित, नगरप्रमुख**<br>**र**<br>**उद्धव पोखरेल, ट्राफिक प्रहरी नायव निरिक्षक** | इन्द्रायणी पुलदेखि सलम्बु पुलसम्म स्पीड लिमिट तोकिएको छ सडकको अवस्थाको कारणले । बढीमा प्रतिघण्टा ४० को स्पिडभन्दा बढी गर्न पाइँदैन । हामीलाई यातायात व्यवस्था विभागबाट पठाइएको राडारमा ५५ भन्दा बढी स्पिड भएको अवस्थामा कारवाही गरेका छौं । सडक नियम उल्लंघन सवारी साधानलाई चिट काटेर उपत्यका ट्राफिक प्रहरी कार्यालयमा जनचेतनाका लागि पठाउँने गरेका छौं । पहिलो पटक हो भने ५००, दोश्रो पटक हो भने १०००, तेश्रो पटक हो भने १५०० रुपैयाँ तिरेर लाइसेन्स निकाल्नुहुन्छ । हामीलाई त्यस्ता गाडीको नम्बर टिपाईदिनुभयो भने घटनास्थलमै वा पछि भेटेको बेलामा कारवाही गर्न सजिलो हुने थियो । त्यसरी लापरवाही गर्न पक्कैपनि पाइदैन<br>-नाङ्ले र छाप भञ्ज्याङको सडक निर्माणका लागि संघ र प्रदेश सरकारसँग हामीले अनुरोध गरिरहेका छौं । |

**अन्य सुझावहरु :**

**एलपी श्रेष्ठ, नेता, नेकपा एकीकृत समाजवादी**

शंखरापुर नगरपालिकाको कार्यप्रगतिको अंक घट्ला कि भन्ने बारेमा ध्यान दिन आवश्यक छ ।

शंखरापुरको आर्थिक समृद्धिको आधार कृषि र पर्यटन भनेर अघि बढेको अवस्था छ, साँच्चै त्यसका लागि ठोस कार्यक्रमहरु के भएका छन् ? भूमि वर्गिकरणको आधारका लागि मानक भन्दा फरक सूचना जाँदा कृषि र औद्योगिक क्षेत्रका लागि भनेर सूचीकृत हुँन आएनन । शंखरापुरका सबै जग्गाहरु हामीले आवास योग्य भनेर निर्णय गरिउको छ । त्यो भनेको जग्गा खण्डिकरण गर्ने योजना र टुक्रा टुक्रा जग्गामा घरहरु बनाउँनका लागि प्रेरित हुने खालको भयो । प्रशासनीक रुपमा हामीले लिनुपर्ने दायीत्वमा हामी च्यूत भयौं ।



अहिले नगरपालिका भित्र प्लटिङका लागि धेरै ठाउँमा जग्गा खनिरहेको अवस्था छ । आज जो निर्वाचित हुनुभएको छ, हिजो यस्ता कुरा उठाएर निर्वाचित भएको जस्तो लाग्छ, आज त्यस्ता धेरै ठाउँमा अव्यवस्थित ढंगले जग्गा प्लटिङ भइरहेको छ । मैले भन्न खोजेको घडेरी नै बनाउँने हो भनेपनि काठमाडौं उपत्यका विकास प्राधिकरणसँग समन्वय गरेर हामीले त्यस्ता खालका योजना बनाउँन आवश्यक छ ।

माटो व्यवस्थापनका नाममा वर्षौ बर्ष त्यही काम गर्न पाइन्छ कि पाँइदैन ? मलाई लाग्छ त्यसको सीमा हुनुपर्छ ।

अर्को कुरा बज्रयोगिनी मन्दिर क्षेत्रका लागि नगरपालिकाले बजेट छुट्याउँनुपर्छ। सम्पदा क्षेत्र जोगाउँनका लागि नगरपालिकाले ध्यान दिन आवश्यक छ। त्यसलाई हामीले संरक्षण गऱ्यौं भने शंखरापुरलाई चिनाउँने अर्को एउटा आधार बज्रयोगिनी हुनेछ।

## २. जयराम श्रेष्ठ, नगर उपाध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी

विकास निर्माणका कामहरु क्रमिक रुपमा अघि बढिरहेका छन्। कच्ची बाटोलाई ग्राभेल तथा ढलान गर्न जरुरी रहेको छ। विकास निर्माणका काम गर्न, शंखरापुर नगरपालिकालाई सक्षम, विकसित बनाउँनका लागि सम्पूर्ण राजनीतिक दलहरु, नागरिक समाजका प्रतिनिधिहरु हातेमालो गरेर अघि बढ्न आवश्यक रहेको छ।



सार्वजनिक सुनुवाई सार्वजनिक स्थलमा राख्न सकियो भने अझै बढि जनसहभागीता र प्रभावकारीता बढ्दछ। आगामी दिनमा नगरपालिको यस विषयमा ध्यान दिनेछ भन्ने विश्वास लिएको छु।

## सुरेश मानन्धर, नगर सभापति, राष्ट्रिय स्वतन्त्र पार्टी

५० रुपैँयामा हुने इसिजि हामीले ६० प्रतिशत छुट भनेर सुष्मा कोइराला हस्पिटलमा २५० रुपैँया लिने काम भइरहेको छ। यदी त्यसो हो भने हामीले के सहुलिएत पायौं ? हिजो ५० रुपैयाँमा हुने ब्लड प्रेसर जाँच आज सत्तरी-असी रुपैयाँमा गर्नुभएको छ, जबकी कुनै पोलिक्लिनिकमा जाने हो भने ५० रुपैयाँमा पाइरहेका छौं। स्वास्थ्य उपचार छुटको नाममा यो लुट भइरहेको हो कि ?

मेरो बाबाले किडनी टेष्ट गर्दा बरिष्ट डाक्टरहरुले फाइभको अवस्था देखाएको थियो तर सुष्मा कोइरालामा टु को रिर्पोट दिइएको थियो । सुष्मा कोइरालाको तर्फबाट यहाँ कोही हुनुहुन्छ भने हाम्रो समस्या कहाँ छ ? हाम्रो नगरपालिकाले दिएको अनुदान कहाँ प्रयोग भइरहेको छ। यदी हामीले बढी पैसा अनुदान दिनुपरेको छ भने किन दिनुपऱ्यो । त्यो आवश्यक छ र ?



शिक्षामा कुरा गर्नुपर्दा कतिपय स्कुलमा बिद्यार्थीभन्दा शिक्षक धेरै भएको अवस्था पनि देखिएको छ। त्यस्तो स्कुल के का लागि सञ्चालन भइरहेका छन् छक्क लागेर पनि आइरहेको छ । बच्चा ४ जना शिक्षक ५ जना छ भने त्यस्तो स्कुल के को लागि चलाउने काम भइरहेको छ । कक्षा ८ सम्म स्कुल छ बिद्यार्थी जम्मा ३० जना छन्, यस्ता स्कूलहरुलाई कसरी व्यवस्थापन गर्ने ? यो कुरालाई पनि ध्यान दिनुपऱ्यो ।

किसानहरुले अनुदान पाउन सकेका छैनन, अनुदान पाएका पशुहरु बिक्री गरेका छन रे त्यसलाई ध्यान दिनुपऱ्यो ।

### ३.रक्षे बहादुर ग्लान, नगर अध्यक्ष, नेकपा माओवादी केन्द्र

शंखरापुर नगरपालिकाले आफ्नो स्रोत र साधनले भ्याएसम्म काम गर्न आवश्यक छ। हिजोका दिनमा र आजका दिनमा जति काम भएका छन्, ति काम राम्रोसँग भएका छन् भन्ने लाग्दैन । अब जतिपनि बनेका र बन्नुपर्ने योजना छन्, ति बजेटलाई सहि ठाउँमा लगाउँनुहोस, भन्ने माओवादी केन्द्रको तर्फबाट आशा र चाहना हो ।

शंखरापुरका मेयर, उपयमेयर, वडाध्यक्षहरुलाई म के आग्रह गर्न चाहन्छु भने कमसेकम शंखरापुरका डाँडा काँडाहरु जहाँसम्म विकासका योजनाहरु पुगेका छैनन, जहाँ जनताले प्रत्यक्ष रुपमा लाभ लिन सकेका छैनन, जो जनता गरिबीको रेखामुनी मात्र नभई तल्लो स्थानमा रहेका छन्, ति जनतालाई हामीले कसरी सेवा पुऱ्याउँन सक्छौँ, त्यसमा ध्यान दिनहुन म अपिल गर्न चाहन्छु ।

मैले यो कुरा किन जोड दिइरहेको छु भने शंखरापुर वडा नम्बर ३ को केन्द्र भनेको जहरसिंह पौवा हो, त्यसलाई शंखरापुरको दोश्रो शहरको रुपमा हामीले विकास गर्न खोजिरहेका छौँ । वडा नंबर १, २, ३ र ४ भौगोलिक रुपमा शंखरापुरको विकट क्षेत्रको रुपमा रहेको छ । त्यहाँ हस्पिटलको आवश्यकता छ । हिजो शुवर्ण श्रेष्ठको पालामा नगर अस्पताल इन्द्रायणीमा लैजाने काम भयो । अहिले फेरी पुखुलाछीमा नगर हस्पिटल बनाउँने भन्ने कुरा आइरहेको छ ।



हामीले अघिल्लो बर्ष बजेट बनाउँने क्रममा ४ वटा वडाको पायक पर्ने ठाउँ जहरसिंह पौवा हो, त्यहाँ कुनैपनि हालतमा हस्पिटल बन्नुपर्छ भनेर हामीले ज्ञापन पत्र बुझाएका थियौं तर त्यसको सुनुवाई भएको छैन । मालपोत कार्यालय लगायतका सरकारी भवन कहाँ बनाउँने भन्नेबारेमा पनि प्रष्ट छैन । नगरपालिकाको विकासका लागि हाम्रो सहयोग आवश्यक महशुस गरेमा हामी हाम्रो तर्फबाट सहयोग गर्न तयार छौँ ।

### ४.रामकुमार तिवारी, नगर अध्यक्ष, नेकपा एमाले

म सबैभन्दा पहिला ट्राफिक प्रहरीलाई अनुरोध गर्न चाहन्छु, साँखुबाट पास भएर गएको बस नयाँपाटीमा लामो समय रोकेर राख्ने गरिएको छ, अर्को बसलाई कुरेर बस्ने र बस आएपछि बढि स्पीडमा गुड्ने गरेको छ ।

नगरपालिका धेरै शिक्षकहरु आफ्नो दायित्वबाट विमुख भएको हामीलाई जानकारी गराउँनु भएको छ । घर पायक हुनेहरु आफ्नै काममा व्यस्त हुने, स्कूलमा धेरै दिन बिदा लिएर हराउँने भन्ने जस्ता समस्याहरु सुन्नमा आइरहेका छन् । शिक्षा क्षेत्रमा शिक्षकले आफ्नो समय पालना गरेको छ कि छैन हेर्न आवश्यक छ ।



साँखु फड्केश्वर सडक अन्तर्गत कालोपत्रे हुन बाँकी रहेको सडक कहिले कालोपत्रे हुन्छ, त्यसका लागि के पहल भइरहेको छ ? यो विषयलाई नगरप्रमुख, उपप्रमुखले चासो दिइराख्नुभएको छ कि छैन ?

अर्को कुरा वडा नम्बर १ मा व्यक्तिले सार्वजनिक जग्गा अतिक्रमण गरिरहेको अवस्था छ । करिब पन्ध्र बीस रोपनी जग्गा कब्जा भएको छ, त्यो मैले नगरप्रमुखलाई टिपाएको छु । तर त्यो विषयमा अहिलेसम्म पनि मलाई चासो दिएको जस्तो लागेन ।

नगरपालिकाका तालिम कार्यक्रमहरु एउटै व्यक्तिले मात्र धेरै लिने अवस्था छ, फरक फरक प्रकृतिको तालिम दिने, आफैले उत्पादन गर्न सक्ने र सिकेको सीप प्रयोग गर्नका लागि अनुदान दिने नीति तर्फ

ध्यान दिनुपर्छ । स्वास्थ्य विमाको कार्यक्रमबारे सबैले थाहा पाइरहेका छैनन् । जनताले निःशूल्क पाउने औषधीको बारेमा जानकारी गराउँन आवश्यक छ ।

## ५. दिलिप कुमार श्रेष्ठ, नगर सभापति, नेपाली कांग्रेस :

हामीले सबै कामहरु गरिरहेका छौं तर यो आवश्यक छ कि छैन । हामीले यो जुन कार्यक्रम गरिरहेका छौं, झारा टार्ने खालको कार्यक्रम त भइरहेको छैन ? हामीले यसबारेमा समिक्षा गर्ने कि नगर्ने ? हामीले विगतमा के के कुरा गरेका थियौं, जनताहरुले ल्याएको समस्या के के थियो र कति समस्या समाधान भए, यो कुरा ल्याउँनुपर्छ कि पर्दैन ? शंखरापुर नगरपालिकाले गर्ने काम यहाँका जनताहरुको हो, यो राज्य सञ्चालनको कुरा छ, नीति निर्माणको कुरा छ, शंखरापुर नगरपालिका कसरी राम्रोसँग चलाउँने भन्ने कुरासँग सम्बन्धित छ । शंखरापुर नगरपालिकाले आफ्नो समयभित्र के के काम गर्ने कति कामहरु सम्पन्न गर्ने टार्गेटहरु पूरा भयो कि भएन ?

मैले पहिला पनि भनेको हो, सार्वजनिक सुनुवाईका लागि पारदर्शीता र जवाफदेहिता चाहिन्छ ? यो भनेको के हो ? खै यहाँ सहभागिता ? त्यतिबेला पनि मैले भनेको थिँए, जनताको सहभागिता चाहिने भनेको कर्मचारीको होइन । जनताको सहभागिता चाहिने भनेको कि हामी पार्टीका मान्छेको सहभागिता चाहिने भनेको हो ?



जनताहरुलाई बोलाउँनुपर्‍यो, जनताहरुमा समस्या छ । जसलाई टार्गेट गरिएको छ, जसको समस्या समाधान गर्छु भनिएको छ, त्यस्ता मान्छे यहाँ राखिएको छैन । जुन मान्छेले समस्या भोगिरहेको छ त्यो मान्छे यहाँ उपस्थित भइरहेको छैन । शंखरापुर नगरपालिका काठमाडौंका नगरपालिका माध्ये ७ औं

स्थानमा छ, अब सातौंबाट कम गराउँन मात्र गरिएको हो भने त्यो प्रतित्पादक मात्र हुन्छ समस्या समाधान गर्न सक्दैन ।

मैले पहिलापनि सार्वजनिक सुनुवाई हुँदा भनेको थियो, जनताहरुका लागि सुनुवाई गर्ने एउटा ठाउँ हुनुपर्छ, त्यसका अलवा हाम्रो प्रत्येक वडाहरुमा एउटा सुझाव पेटिका हुनुपर्छ । यो गर्न सकेको छ कि छैन, त्यो सुझाव पेटिकामा जनताको सुझाव छ कि छैन ? तपाईले कति प्रतिशत भन्दै हुनुहुनुहुन्थ्यो, त्यो प्रश्नावली मनपरेको मान्छेलाई सोधेको कि कसलाई सोधेको ? मेरो घरमा पनि कसैले सोधेको छैन, मेरो टोलमा पनि कसैले सोधेको छैन । शंखरापुरका वडाहरुले काम कति प्रतिशतले खुसी लागेको भन्दा ६० प्रतिशतले खुसी लागेको भन्ने ? को को ६० प्रतिशत हो भन्नुस न । यहाँ कृषिको कुरा आइरहेको छ, यूवाहरुको कुरा आइरहेको छ, महिलाको कुरा आइरहेको छ, हाम्रो त्यत्रो बजेट खर्च भइरहेको छ कृषिको बारेमा प्रश्न उठेको खै, महिलाको बारेमा प्रश्न उठेको खै ? बेरोजगारहरुका लागि स्वरोजगार बनाउँने प्रश्न उठेको खै ? यसलाई परिमार्जन गर्नुपऱ्यो ।

नागचापाको कुरा भइरहेको छ । एउटा मन्दिर पुरै नबनाईकन भत्काउँनुपर्ने अवस्था आउँछ भने किन बनाउँनुपऱ्यो । त्यो बनाउँन पैसा छैन भन्छ भत्काउनु चाँही किन पऱ्यो । मिलरेपाको मन्दिर गुम्बाको शैलीमा काम गर्न दिईएको छ । मन्दिरको शैली भत्काएर गुम्बाको शैलीमा बनाउँदा धार्मिक युद्ध हुने संभावना छ कि छैन ? यसको जिम्मा कसले लिने ? धर्मसँग गाली गर्ने काम नगर्नुस ।

शंखरापुरको विकासको आधार कृषि क्षेत्र भनिएको छ । सिंचाई कति विकास भयो, बाहिरबाट चामल आउन कति रोकियो त्यसको डाटा छ ? हिजो कति उत्पादन थियो आज कति उत्पादन भएको छ त्यसको डाटा के छ ?

सम्पदा बस्तिमा टिपर चलाउँन दिईएको छ, यसो गर्न पाइन्छ ? सुष्मा कोइराला अस्पतालमा छुट पाइन्छ भन्ने तर म आफैंले २२ सय रुपैयाँ तिर्नपऱ्यो ।

## सार्वजनिक सुनुवाई कार्यक्रममा वक्ताहरुले राख्नुभएको मन्तब्य :

## रमेश नापित, प्रमुख, शंखरापुर नगरपालिका

नगरपालिकाको विकासको काम, नगरपालिको गतिविधिका बारेमा उहाँहरुलाई धेरै चासो रहेछ, त्यसका लागि धन्यवाद दिन चाहन्छु ।

हाल फोहोर संकलन केन्द्र रहेको चिहानेपाटीबाट त्यसलाई अन्य ठाउँमा सार्नुपऱ्यो भनेर जुन कुरा उठेको छ । त्यसलाई कहाँ र कसरी व्यवस्थापन गर्न सकिन्छ, त्यसबारेमा छलफल भएकै हो । यो बिचमा हामीले ठाउँको खोजी गर्दा ठ्याक्कै ठाउँ पाउन सकेका छैनौं । हामीले राजनीतिक दलका साथीहरुसँग पनि छलफल गऱ्यौं, ठाउँ छनौट गर्नुस न त भन्दा बस्ति भन्दा बाहिर त्यस्तो ठाउँ पाउँन सकिरहेका छैनौं । यो हामी सबैको जिम्मेवारी हो, यो विषयमा सहकार्य गर्न सबैलाई आग्रह गर्न चाहन्छु ।

नागचाःको बारेमा जुन कुरा आइरहेको छ । यो पौराणिक स्थल हो । त्यहाँ मन्दिर बनाउँनका लागि प्रक्रिया अघि बढेपछि त्यो सम्पदालाई हिन्दूले पनि मान्ने र बुद्धिष्टले पनि मान्ने भन्ने कुरा आइसकेपछि दुबै पक्षलाई समेट्ने गरी त्यसको डिजाइन तयार गरिएको हो । पहिला बनाएको डिजाइन बुदिष्टको जस्तो

मात्र देखियो भन्ने गुनासो आएपछि त्यसलाई परिमार्जन गरेर बुद्धिष्ट र हिन्दूलाई प्रतिनिधित्व गर्नेगरी त्यसलाई अघि बढाईको हो ।



बज्रयोगिनी क्षेत्रको विकासका लागि हामीले धेरै काम गरेका छौँ, राजीतिक दलका साथीहरुले पनि हामीलाई सहयोग गरिरहनु भएको छ ।

रोजगारी सिर्जना गर्नका लागि पनि हामीले विभिन्न कार्यक्रम गरिरहेका छौँ । अहिले हामीले यूजा स्वरोजगारका कार्यक्रमहरु ल्याइरहेका छौँ । शंखरापुरका यूवाहरुलाई स्वरोजगार बनाउँनुपर्छ भन्ने सोच राखेर हामीले यूवा स्वरोजगार कोषका लागि १ करोड राखेका छौँ भने अर्को १ करोड कोषबाट पाएका छौँ । थोरै व्याजदरमा उहाँहरुलाई काम गर्नका लागि ऋण दिने व्यवस्था मिलाएका छौँ । त्यो रकम परिचालन गर्नका लागि हामीले बित्तिय संस्थाका लागि टेन्डर आह्वान समेत गरिसकेका छौँ ।

केशव दाईको जग्गा खोलामा परेको भन्ने प्रश्न आयो । हामीले पहिले पनि स्थानीय राखेर त्यसबारेमा छलफल गरेका हौँ । त्यसलाई कसरी मिलाउन सकिन्छ, हाम्रो तर्फबाट काम गर्छौं ।

माटो व्यवस्थापनको कुरा आएको छ, त्यो सधैंभरीका लागि होइन । सार्वजनिक ठाउँको माटो व्यवस्थापन गर्नेले राजस्व तिर्नुपर्ने हुन्छ । नगरपालिका एउटा पक्षको मात्र भन्ने हुँदैन, हामी सबैको हो ।

अपर तामाकोशीको आयोजानका बारेमा हामीले सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराइरहेका छौँ । त्यसबारेमा सरोकारवाला स्थानीयसँग छलफलपनि गरेका छौँ । उर्जामन्त्रीलाई पनि यसबारेमा छलफल गरौं भनेका छौँ । यसबारेमा हामीले चासो दिइरहेका छौँ ।

नगरपालिकाको पिछडिएको क्षेत्रलाई हेर्नुपर्‍यो भनेर जुन सुझाव आएको छ, मपनि अहिले सोही बिचारका साथ काम गरिहेको छु । त्यसमा मेरो ध्यानाकर्षण भएको छ । दुर्गम क्षेत्रको विकासका लागि बढी प्राथमिकता दिइरहेको छु । बजेट माग गर्दा वडा नम्बर १, २, ३ र ४ लाई बढी प्राथमिकता दिइरहेको छु । हाम्रो मुख्य लक्ष्य भनेकै जनतालाई चाडोभन्दा चाँडो सेवा सुविधा दिने, उहाँहरुले मागेको कुरामा प्रक्रिया, मापदण्ड पुगेन भने त्यसको जानकारी गराउँने भनेर कर्मचारीहरुलाई निर्देशन दिएको छु ।

खानेपानी सेवा सर्वसुलभ बनाउँका लागि खानेपानीका स्रोतहरु खोज्ने काम भइरहेको छ । बाटो खन्ने नाममा पानीको पाइप काट्ने काम भइरहेको छ भने जानकारी दिन आग्रह गर्दछु ।

**समिता श्रेष्ठ, उपप्रमुख, शंखरापुर नगरपालिका**

व्यक्तिको जग्गामा सार्वजनिक संरचना बनाएका कारण तपाईको भूक्तानी रोकिएको जानकारी गराउँन चाहन्छु । व्यक्तिको जग्गामा नगरपालिकाको बजेट राखेर काम गर्न मिल्दैन । यो कुरा भोलीका दिनमा पनि तपाईहरुले मनन गर्नुपर्छ ।

जग्गा विवादमा कुटपिट भएको विषयमा खबर पाउँने वित्तिकै प्रहरी लिएर हामी गएका थियौं । कुटपिटबाट घाइते भएमा १५ दिनभित्र उपचार पाउने सहमति भएको थियो । त्यसपछि अन्य प्रक्रिया अगाडि बढाउँने कुरा भएको थियो । पछि छलफल गरेर विवाद समाधान गर्ने अनुरोध गर्न चाहन्छु ।




कृषि र पर्यटनको विकासबारे प्रश्न उठेको छ । शंखरापुरको विकास कृषि र पर्यटन भनेर हाम्रो नारा नै रहेको छ । वडा नम्बर १ मा उखु खेती गरेर सखर निकाल्ने कामपनि भइरहेको छ । वडा नम्बर ४ मा स्कुस खेतीका लागि टेका दिने काम भएको छ । मौरी पालन गर्नेहरुका लागि हामीले मौरी पाल्नका लागि अनुदानमा घार दिने काम भएको छ ।

पर्यटकीय क्षेत्रहरु जहरसिंह पौवा, कात्तिके, बज्रयोगिनी क्षेत्रहरुमा पर्यटन विकासका लागि विभिन्न योजनाहरु अगाडि बढाईएको छ ।

विभिन्न सीप सिक्नका लागि हामीलाई निवेदनहरुपनि आइरहेको छ। उहाँहरुको चाहना अनुसारको तालिम कार्यक्रमपनि राखेका छौँ । वडा नम्बर ६ र ७ का लागि काष्ठकलाको तालिम दिने कामपनि भइरहेको छ । दिदी बहिनीहरुले माग गर्नुभए अनुसारको तालिम दिने काम भएको छ ।

हामीले नगरपालिका भित्रको विकास योजनाको कामको नियमित रुपमा अनुगमन गरिरहेका छौँ । त्यहाँ सूचना पाटी राखेको छ कि छैन, कसरी काम भइरहेको छ, मापदण्ड पुगेको छ कि छैन सबै हेर्दै आइरहेका छौं । न्यायिक समितिको काम गर्ने दुई दिन बाहेक अन्य दिन रेगुलर ढंगले आयोजना निरीक्षण गर्ने काम भइरहेको छ ।

**अमृतकुमार धिताल, प्रमुख प्रशासकीय अधिकृत**

मैले कर्मचारी प्रशासनको बारेमा त्यति धेरै उत्तरहरु दिनुपर्ने खालको प्रश्नहरु आएको छैन, सर्वेक्षणले पनि त्यस्तै त्यस्तै देखाएको छ । यदी त्यस्तो समस्या आइहाल्यो भने तत्काल हामी त्यस्ता समस्या समाधानका गर्न लागिपर्नेछौँ ।

धेरै नीति कार्यक्रमका बारेमा कुरा उठेका छन्, जनप्रतिनिधि ज्यूहरुले बनाएको नीति तथा कार्यक्रम लागू गर्ने मेरो जिम्मेवारी हो । नीति तथा कार्यक्रमलाई समयमै कार्यान्वयन गर्नका लागि म प्रतिबद्ध छु भन्ने कुरा जानकारी गराउँन चाहन्छु ।

सार्वजनिक सुनुवाईका विषयमा पनि कुराहरु उठेको छ, अगाडिका दिनहरुमा के भए भन्दापनि हामी यो वर्ष कम्तिमा ३ वटा सार्वजनिक सुनुवाई गर्छौँ । पहिलो चौमासिकको सुनुवाई दोश्रो चौमासिकमा गरेका छौँ । दोश्रो चौमासिकको फेरी तेश्रो चौमासिकमा गर्नेछौँ र अघि यहाँहरुले भन्नु भएजस्तै आर्थिक वर्षको अन्त्यमा फेरी हामी सार्वजनिक सुनुवाई गर्नेछौँ ।

मिडियाकर्मी, सर्वसाधरणको थोरै उपस्थिति भयो, खबर भएन कि भन्ने कुरा आएको छ, यो विषयमा हामीले खबर गर्न कन्जुस्याँई गरेजस्तो लाग्दैन, हामीले एकसाता अघि नै सबै वडा कार्यालयहरुलाई जानकारी गराईसकेका छौँ । सबै राजनीतिक दलहरुलाई जानकारी गराईसकेका छौँ, सबै मिडियाहरुलाई जानकारी गराईसकेका छौँ । सबै वडा कार्यालयहरु मार्फत सूचना प्रवाह भएको छ ।

राजनीतिक दलहरुबाट व्यक्त भएका कुराहरुका आधारमा उहाँहरुलाई आग्रह गर्न चाहन्छु, जनताहरुको पहुँच हजुरहरुसँग छ, हामीले हजुरहरुलाई खबर गरेपछि नागरिकहरुलाई उपस्थित गराउँनका लागि आगामी दिनमा सहयोग हुनेछ भन्ने अपेक्षा गर्दछु । आगामी दिनमा थप सूचना प्रवाह गर्नुपर्ने अवस्थामा

त्यसलाई अझै प्रभावकारी बनाउने विश्वास व्यक्त गर्दछु ।




अहिले हामीले प्रस्तुत गरेको डकुमेन्ट हामीले पाएनौं भन्ने विषयमा अहिले प्रस्तुत गरेको सामाग्री भन्दापनि हामीले अघिल्लो बर्ष र यो वर्ष गरेका कामहरुको विस्तृत विवरण समेटेर एउटा स्मारिका 'समृद्धिको यात्रा' प्रकाशन गर्न लागेका छौं, संभवत अर्को महिला यहाँहरुले पाउँनुहुनेछ। आगामी दिनमा सुधार गरेर लैजान पनि म प्रतिबद्धता ब्यक्त गर्दछु ।

नगरपालिकाको योजना तर्जुमा, नीति तथा कार्यक्रम निर्माण गर्ने क्रममा नगरपालिका कर्मचारी मुखी भयो कि भन्ने प्रश्नहरु उठेको छ, यहाँहरुलाई त्यस्तो लाग्नु स्वभाविक नै हो, यो सबै जिम्मेवारी जनप्रतिनिधि ज्यूहरुको हो, यो सबै उहाँहरुले नै गर्नुहुन्छ, नीति तथा कार्यक्रम उहाँहरुले नै बनाउँनुहुन्छ । मेयरसावले नगरसभा सम्पन्न भएको १५ दिन भित्रमा मलाई अख्तियारी दिनुहुन्छ, कार्यक्रम सञ्चालन गर्ने अख्तियारी हामीले पाउँछौं, कार्यक्रम निर्माण गर्ने जनप्रतिनिधिहरुले हो त्यसमा हामीले प्राविधिक सहयोग मात्रै गर्छौं ।

अर्को कुरा उठेको थियो, योजना सम्झौता र भूक्तानीको विषयमा, नीतिगत रुपमा भन्नुपर्दा योजना सम्झौता वडालाई गर्न दिने त्यति राम्रो कुरा हैन । प्रमुख प्रशासकीय अधिकृत वित्तिय उत्तरदायीत्व अधिकारी तोकिएको हुनाँले योजना सम्झौताको कुरापनि सबै प्रमुख प्रशासकीय अधिकृतसँगै हुने कानुनी व्यवस्था रहेको छ । अलि टाढाको वडाहरु, बस्तिहरु भएको हुनाले ५० हजार, १ लाखका योजनाका लागि

पटक पटक नगरपालिका सम्म आउँनुपर्ने झन्झट हुने भएकोले हामीले ५ लाख सम्मको योजनाहरु वडामै सम्झौता गर्नु भनेर नगरसभाबाट नै निर्णय भएको छ । त्यसरी नै हामीले कार्यान्वयन गरिरहेका छौँ ।

वडाबाटै सम्झौता र वडाबाटै भूक्तानी भन्ने कुरा अहिलेको कानुनी र प्रक्रियागत हिसावले संभव छैन । कानुनी र प्रक्रियागत हिसावले यो संभव छैन । प्रक्रिया नमिलेका कारण त्यसलाई नगरपालिकाबाट नै रोकिएको हो ।

अनुगमनको कुरा गर्नुपर्दा मलाई व्यक्तिगत रुपमा सोध्नुहुन्छ भने म वित्तिय उत्तरदायीत्व बोकेको अधिकारी भएको हुनाँले नगरपालिमा भएका सबै योजनाहरुको हेर्ने दायित्व हुन्छ, अत्यावश्यक अवस्था हेरेर ५० हजारसम्म बजेट हाल्न सक्ने मैले अधिकार राख्छु । नगरपालिकामा उपप्रमुख ज्यूको संयोजकत्वमा एउटा अनुगमन समिति छ । अनुगमन समितिले त्यो सबै योजनाहरु अनुगमन गरेर प्रतिवेदन दिन्छ, त्यो प्रतिवेदनको आधारमा हामीले भूक्तानी दिने हो । अनुगनमा हामी कर्मचारीहरुपनि योजना शाखा प्रमुख, प्रशासन शाखा प्रमुख, पूर्वाधार शाखा प्रमुख त्यसको सदस्य भएको हुनाँले अनुगमनमा जाँदा टिम नै जाने हो । एकजनाले गएर अनुगमन गर्ने होइन । अनुगमनमा जाँदाखेरी कार्यतालिका अनुसार व्यवस्था मिलाउँने गरेका छौँ । यो आर्थिक वर्षदेखि नगरपालिकाले इपेमेन्ट सुरु गरिसकेको छ । उहाँहरुले हाम्रो चेक कुरेर बसिराख्नु पर्दैन । उहाँहरुको सबै डकुमेन्ट पूरा भएको छ भने उहाँहरुले आफ्नो फाइल र बैंक खाता नम्बर छोडनुभयो भने उहाँहरुको खातामा सिधै पैसा जान्छ । उहाँहरुले चेक लिन आइरहनु पर्दैन त्यसकारण हामी अनुगमनमा जाँदा नगरपालिकाको काम नै बन्द हुनेगरी जाँदैनौँ । कहिले बिहान अनुगमनमा जाने र दिउँसो कार्यालयमा काम गर्न आउँने र दिउँसो दुई तीन घण्टा काम गरेर अनुगमनमा जाने व्यवस्था मिलाईरहेका छौँ । हामी बिहान ७ बजे निस्कन्छौँ र साँझ ६ बजेसम्म फिल्डमै हुन्छौँ ।

अर्को स्वास्थ्यको विषय उठेको छ, एउटा सुष्मा कोइराला अस्पताललाई अनुदान दिएको विषय र अर्को नगर अस्पतालको विमाको विषय । स्वास्थ्य विमा कार्यक्रमलाई सबै नागरिक समक्ष पुऱ्याउँनुपर्ने राज्यको दायित्व र नीतिपनि हो । त्यसकै आधारमा हामी अगाडि बढेका छौँ । शंखरापुर नगरपालिकाको प्रथम सेवाग्राही विन्दू भनेर हाम्रो नगर अस्पताललाई तोकेको छ । नगर अस्पतालबाट भएको सिफारिसका आधारमा यहाँबाट नपाउँने उपचार अन्य स्वास्थ्य संस्थामा पाउँनुहुन्छ ।

विमा गर्नुभन्दा पहिला सबै सुविधाको व्यवस्था गर्नुपर्ने हुँदो रहेछ । यहाँबाट सबै खालका उपचार सेवा पाउनुपऱ्यो । त्यसका लागि यहाँको सेवा विस्तार भइनसकेको कारणले गर्दा अस्पताल जान सेवाग्राहीले हिच्किराईरहेको अवस्था रहेछ । नगर अस्पतालको सेवा विस्तार गर्ने काममा हामी अगाडि बढिसकेका छौँ । अस्पतालको फार्मेसीलाई हामीले औषधी किनेर दिइसकेका छौँ । फार्मेसी व्यवस्थित भइसकेको छ । अस्पतालमा २४ सै घण्टा इर्मजेन्सी सेवा जोडिसकेका छौँ । हामीसँग २४ सैं घण्टा स्वास्थ्यकर्मी र डाक्टर उपलब्ध रहनुहुन्छ । नगरअस्पतालको छेउमा बर्थिङ सेन्टर निर्माण गर्ने काम भइरहेको छ । आवश्यक पूर्वाधार निर्माण गरिसकेपछि आगामी दिनमा हामी स्वास्थ्य विमाको कार्यक्रमलाई आगामी नीति तथा कार्यक्रममा हालेर नगरपालिकाले के गर्न सक्छ त्यो विषयमा गंभीर ढंगले छलफल गरेर अगाडि बढ्नेछौँ ।

सुष्मा कोइराला मेमोरियल अस्पतालको विषयमा विगत वर्षदेखि नै नगरपालिकाले केही अनुदान दिने र अस्पतालले उपचार सेवा दिने केही सम्झौता भएको छ । अस्पतालले कुन कुन सेवा सुविधाहरुमा कति

प्रतिशत छुट दिने भन्ने व्यवस्था रहेछ। त्यहाँको सेवा शूल्क निर्धारण गर्ने त्यहाँको छुट्टै समिति छ, त्यसबारे बोर्डले निर्णय गर्छ । अस्पतालको शुल्क बढाउँने वा घटाउँने अधिकार नगरपालिकासँग छैन, हामीले अनुरोध सम्म गर्ने हो । हामीले उहाँहरुलाई अनुदान दिन्छौं, त्यसवापत उहाँहरुले कुन कुन सेवामा कति कति प्रतिशत छुट दिने, कुनै सेवामा शतप्रतिशत छुट दिने, कुनै सेवामा २० प्रतिशत, कुनैमा ५० प्रतिशत छुट दिने, कुनैमा शतप्रतिशत छुट दिने त्यो खालको सम्झौता छ ।

एकजना शंखरापुरका नागरिकले १५ हजार रुपैयाँसम्म छुट पाउँने व्यवस्था गरिएको छ। सुष्मा कोइरालामा जाने हाम्रा नागरिकहरु त धेरै नै होलान। ६० लाख रुपैयाँ अनुदानबाट हामीले एकजनालाई १५ हजारसम्म छुट दिँदा हामीले लगभग ४ हजार जना विरामीलाई छुट दिन सक्ने हुन्छौं । शंखरापुरबासी एक बर्षमा जो जति पटक सुष्मा कोइराला अस्पतालमा जानुहुन्छ उहाँहरुलाई १५ हजार रुपैयाँसम्म छुट दिनुपर्छ ।

अर्को बर्ष त्यसलाई हामी अझै सुधारेर लैजानका लागि हामी छलफलपनि गरौंला । पैसा तिर्नुपर्‍यो भन्ने कुरा आएको छ, ५० प्रतिशत छुट हुने उपचार गर्दा त केही पैसा तिर्नुपरेको होला । हामीले यो यो सेवामा यति प्रतिशत छुट पाउँने भनेपछि हरेक नागरिकले १५ हजार ९० रुपैयाँसम्म उहाँहरुले छुट पाउँनुहुन्छ । उदाहरणको लागि उहाँले उपचार गर्दा २२ सय तिर्नुभयो भने ३ हजारको छुट लिनुभयो होला । अब उहाँका लागि अझै १२ हजार रुपैँया अझै बाँकी छ । हाम्रो सम्झौता अनुसार १५ हजारसम्म पूरा नभएसम्म उपचारमा उहाँले सहुलियत पाइरहने अवस्था हुन्छ । आगामी दिनमा यसलाई कसरी अगाडि बढाउँदा हाम्रा नागरिकहरुले सुविधा पाउँछन्, यस विषयमा अझै छलफल गर्दै जाऔंला ।

जग्गा बर्गीकरणको विषयमा म आउँनुभन्दा अगाडि नै यहाँ बर्गीकरण भएको रहेछ । अरु नगरपालिकामा पनि जग्गा बर्गीकरण भएको छ । यसमा हामी फेरी बसेर छलफल गरौंला ।

शिक्षक र विद्यार्थीको अनुपातको विषयमा विद्यालय शिक्षा ऐन नआएको कारणले गर्दा हामीले यहाँपनि कक्षा अनुसार शिक्षक पुर्‍याउँन नसक्ने र कक्षा खाली हुने त्यस्तो अवस्थापनि छ। शिक्षा क्षेत्र र शिक्षकको विषयमा बसेर हामीले धेरै कुरा गर्न बाँकी रहेको छ ।

२० जना विद्यार्थी छन् र ५ वटा कक्षा चलेको छ, एउटा कक्षामा एक जना शिक्षकको दरमा ५ जना शिक्षक त्यहाँ जान बाध्य छ । त्यसकारण यो प्राविधिक विषय भएको हुनाँले अहिले मर्ज गरिहाल्नपनि त्यति सजिलो छैन ।

एउटै व्यक्तिले धेरै तालिम पाए भन्ने कुरा आएको छ, त्यसलाई हामी समिक्षा गर्छौं र सुधार गरेर लैजान्छौं ।

विगतमा व्यक्तिसँग समन्वय गरेर व्यक्तिको जग्गामा बनेको सार्वजनिक भवन बनाउँने गरिएको रहेछ म आएपछि व्यक्तिको जग्गामा बनेका भौतिक संरचनामा भूक्तानी दिनका लागि रोकिएको छ । आगामी बर्षहरुमा पनि सम्झौता गर्ने बेलामा नै प्राविधकहरु र सम्झौता गर्नेहरुलाई पनि भन्छु । निर्माण गरिने सार्वजनिक संरचनाहरुका लागि व्यक्तिले जग्गा दिन चाहन्छु भने उहाँहरुले पास गरेर दिनुपर्ने हुन्छ । व्यक्तिको जग्गामा निर्माण भएपछि त्यसलाई सार्वजनिक संरचना भन्न पाँइदैन ।

आर्थिक बर्षको अन्त्यमा पनि डिटेलमा सार्वजनिक सुनुवाई हुन्छ, सार्वजनिक सुनुवाईले हामीलाई पनि आगामी दिनमा अगाडि बढ्नका लागि यसले हामीलाई सकारात्मक सन्देश दिन्छ । अगाडि बढ्नका लागि

प्रोत्साहन गर्छौं । त्यसकारण हामीले यसलाई नियमित गर्छौं । वडा नम्बर ८ को समस्या उठाउँनु भएको छ, त्यसमा हामीले एउटा कार्यदल बनाएर अध्ययन गरिरहेका छौं ।

**सार्वजनिक सुनुवाई गर्न अपनाइएका विधिहरु**

क) सार्वजनिक सुनुवाई कार्यविधि २० र आचारसंहिता २० को पुर्ण पालना

ख) नागरिक प्रतिवेदन, बहिर्गमन अभिमत

ग) सामाजिक परिक्षण

घ) स्थानिय मिडियाबाट प्रचार प्रसार

ङ) नगरबासी, टोलविकास संस्थाहरु, उद्योगी व्यवसायीहरु, शिक्षक बुद्धिजिवी, किसान, तथा विभिन्न संघ संस्थालाई कार्यक्रम बारे जानकारी

च) वृहत्त भेला तथा छलफल

**सार्वजनिक सुनवाई कार्यक्रमवाट भएका सिकाईहरु**

यस कार्यक्रमबाट देहायका कुराहरुको सिकाई भएको छ :

- सार्वजनिक सुनुवाईहरु बाट जनताको समस्यालाई नजिकैबाट बुझ्न सकियो ।
- सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरबासीको उल्लेख्य उपस्थितिको लागि बृहत रुपमा प्रचार प्रसार गर्नु पने शिक्षा पाईएको छ ।
- यस प्रकारको सुनुवाईको व्यवस्था नियमित रुपमा हुँदा नगरपालिकाको कार्य सम्पादनमा सहयोग पुग्ने देखिन्छ ।
- यस प्रकारको कार्यक्रमले सही अर्थमा पारदर्शीता कायम गर्न सफल हुनेछ ।
- जनगुनासोहरुको सुनुवाई गर्ने उपयुक्त थलोका रुपमा सार्वजनिक सुनुवाईको माध्यम उपयुक्त हुने ।

**कार्यक्रमको सवल पक्षहरु :**

- नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु सहभागितामा कार्यक्रम संचालन गरिएको ।
- आर्थिक गत आर्थिक वर्षको वार्षिक प्रगति समिक्षा र चालु आर्थिक वर्षको प्रथम चौमासिकको भौतिक तथा बित्तीय प्रगति प्रस्तुत गरिएको ।
- नागरिकहरुले गरेका प्रश्नहरुको जवाफदेही वक्ताहरुबाट चित्त बुझ्दो जबाफ दिईएको ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।

- नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सुचना सञ्चाल माध्यम र समाजिक सञ्जालबाट प्रशारण तथा प्रकाशन गरिएको ।
- रेडियोर फेसबुकबाट प्रत्यक्ष प्रशारण र मुकुन्दसेन टेलिभिजनबाट कार्यक्रम छायांकन तथा प्रशारण गरिएको ।
- नागरिक प्रतिवदेन र बर्हिगमन अभिमत प्रस्तुत गरिएको ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- समय पर्याप्त राखी कार्यक्रमको प्रचार प्रसारमा ध्यान दिनु पर्ने ।
- वडा अध्यक्ष सहित नगर सभाका सबै जनप्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने ।
- पर्चा पम्प्लेट तयार गरी वडा तथा बस्ती स्तर सम्म प्रचार प्रसार गर्न सके प्रभावकारी हुने ।
- नगरपालिकामा नियमित तथा वडा स्तरमा समेत सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने ।
- कार्यक्रममा महिला सहभागिता बढाउनका लागि ध्यान दिनुपर्ने

